स्वास्थ्य कार्यालय भोजपुर

# जनस्वास्थ्य गतिविधि

आ.व. २०८३/८४ | वर्षः १ | अङ्कः १ | महिनाः श्रावण

## HMIS Tools वितरण

स्वास्थ्य निर्देशनालय, कोशी प्रदेशबाट उपलब्ध गराइएका HMIS Recording तथा Reporting Tools स्वास्थ्य कार्यालय भोजपुरमार्फत जिल्लाका सबै स्थानीय तहमा वितरण गरिएको थियो। स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सेवा तथा कार्यक्रमहरुको तथ्याङ्कको अभिलेख तथा reporting प्रक्रिया व्यवस्थित, सहज र गुणस्तरीय बनाउन HMIS Tools हरेक स्वास्थ्य संस्थामा अनिवार्य रुपमा हुनुपर्छ । यसबाट स्वास्थ्य सेवा तथा कार्यक्रमहरु सम्बन्धी तथ्याङ्कको अभिलेखीकरण तथा reporting प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## तथ्याङ्क सुदृढीकरणका लागि On-site Coaching तथा Technical Support

स्वास्थ्य कार्यक्रम तथा सेवासँग सम्बन्धित तथ्याङ्कको गुणस्तर सुधार गरी त्यसको आधारमा स्वास्थ्य सेवाको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय तह तथा स्वास्थ्य संस्थासम्म पुगेर on-site coaching तथा technical support प्रदान गरिएको थियो। स्थलगत रूपमा तथ्याङ्क अभिलेख, व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी अभ्यासहरूको समीक्षा गरी देखिएका त्रुटि तथा समस्याहरू पहिचान र सुधार गर्न सहजीकरण गरिएको थियो। यसबाट स्वास्थ्य संस्थाबाट प्राप्त हुने तथ्याङ्कमा देखिने त्रुटिहरू न्यूनीकरण हुनुका साथै तथ्याङ्कको गुणस्तर सुधार तथा कायम राख्न सहयोग पुगेको थियो। साथै, प्रदान गरिएको coaching तथा technical support का आधारमा आगामी दिनमा समेत तथ्याङ्क अभिलेख तथा reporting लाई थप व्यवस्थित र गुणस्तरीय बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।







सम्पर्क नं.: ०२९-४२०१८९ ईमेल: dhobhojpur10@gmail.com वेबसाईटः ho.bhojpur.koshi.gov.np

स्वास्थ्य कार्यालय भोजपुर

# जनस्वास्थ्य गतिविधि

आ.व. २०८३/८४ वर्षः १ अङ्कः १ महिनाः श्रावण


## जिल्लास्तरीय वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी

श्रावण २२ र २३ गते स्वास्थ्य कार्यालय भोजपुरको आयोजनामा आ.व. २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको जिल्लास्तरीय एकीकृत वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी सम्पन्न भयो। कार्यक्रममा जिल्लाका सबै स्थानीय तहबाट स्वास्थ्य कार्यक्रम तथा सेवाहरुसँग सम्बन्धित तथ्याङ्क तथा प्रगतिको प्रस्तुति गरिएको थियो। प्रस्तुत तथ्याङ्क तथा कार्यक्रमगत प्रगतिका आधारमा विभिन्न स्वास्थ्य कार्यक्रम तथा सेवाहरूको अवस्था, उपलब्धि, चुनौती तथा सुधार गर्नुपर्ने पक्षहरूबारे छलफल तथा समीक्षा गरिएको थियो। साथै, आगामी दिनहरुमा स्वास्थ्य कार्यक्रम तथा सेवाहरूलाई थप प्रभावकारी बनाउन आवश्यक योजना, प्राथमिकता तथा सुधारका क्षेत्रहरू पहिचान गरी छलफल गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य कार्यक्रम तथा सेवा प्रवाहमा देखिएका प्रमुख चुनौतीहरूको सम्बोधन, तथ्याङ्कको गुणस्तर सुधार तथा स्वास्थ्य सेवा सूचकहरूको प्रगतिमा सुधार गर्ने उद्देश्यले १७ बुँदे सामूहिक प्रतिबद्धता समेत गरिएको थियो। साथै, विभिन्न स्वास्थ्य सेवा सूचकहरूको आधारमा स्थानीय तहहरूको समग्र कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट तीन स्थानीय तहलाई सम्मान गरिएको थियो। मूल्याङ्कनमा प्रथम स्थान षडानन्द नगरपालिका, द्वितीय स्थान साल्पासिलिछो गाउँपालिका र तृतीय स्थान पौवादुङमा गाउँपालिका हासिल गर्न सफल भएका थिए। यसबाट स्थानीय तहहरूबीच सकारात्मक प्रतिस्पर्धा, उत्कृष्ट अभ्यासको आदान-प्रदान तथा स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि थप उत्प्रेरणा प्राप्त हुने अपेक्षा गरिएको छ।







सम्पर्क नं.: ०२९-४२०१८९ ईमेलः dhobhojpur10@gmail.com वेबसाईटः ho.bhojpur.koshi.gov.np

स्वास्थ्य कार्यालय भोजपुर

जनस्वास्थ्य गतिविधि

आ.व. २०८३/८४ वर्षः १ अङ्कः १ महिनाः श्रावण

## Labour Care Guide प्रयोगसम्बन्धी Online Orientation

श्रावण १८ गते स्वास्थ्य कार्यालय भोजपुरको आयोजनामा Labour Care Guide (LCG) को प्रयोग तथा उपयोगसम्बन्धी Online Orientation कार्यक्रम सञ्चालन गरिएको थियो। पब्लिक हेल्थ नर्स विद्या भट्टराईको सहजीकरणमा सम्पन्न अभिमुखीकरणमा जिल्ला भित्राका विभिन्न Birthing Centre मा कार्यरत ३० जना Nursing कर्मचारीहरूको सहभागिता रहेको थियो। यसअघि Birthing Centre हरूमा प्रसवको निगरानीका लागि प्रयोग हुँदै आएको Partograph को स्थानमा हाल Labour Care Guide (LCG) को प्रयोग सुरु गरिएको सन्दर्भमा स्वास्थ्यकर्मीहरूलाई यसको प्रयोगसम्बन्धी अभिमुखीकरण प्रदान गरिएको हो। LCG को प्रभावकारी प्रयोगबाट प्रसवको क्रममा देखिन सक्ने जोखिम तथा जटिलताहरूलाई समयमै पहिचान गर्न, आवश्यक निगरानी तथा व्यवस्थापन गर्न र आवश्यकता अनुसार समयमै Referral सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## डेङ्गी रोकथामका लागि खोज र नष्ट गर अभियान

षडानन्द नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा डेङ्गी रोकथाम तथा नियन्त्रणका लागि षडानन्द नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा श्रावण महिनाको प्रत्येक शुक्रबार "खोज र नष्ट गर" अभियान सञ्चालन गरिएको थियो। अभियानअन्तर्गत दिङ्ला बजार क्षेत्रमा डेङ्गी सार्ने एडिस लामखुट्टेको सम्भावित प्रजननस्थल तथा बासस्थानहरू पहिचान गरी नष्ट गर्ने कार्य गरिएको थियो। नियमित रूपमा सञ्चालन गरिएको यस अभियानबाट लामखुट्टेको प्रजननस्थल न्यूनीकरण गर्दै डेङ्गी संक्रमणको जोखिम कम गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ।





स्वास्थ्य कार्यालय भोजपुर

# जनस्वास्थ्य गतिविधि

आ.व. २०८३/८४ वर्ष: १ अङ्क: १ महिना: श्रावण

## सचेतनामूलक जानकारीहरु

डेङ्गी रोगबाट बच्ने उत्तम उपाय लामखुट्टेको टोकाइबाट बच्नु हो।

लामखुट्टेको वृद्धि-विकास रोक्न घरआँगनमा रहेका गमला, टायर तथा अन्य खुला भाँडाकुँडामा पानी जम्न नदिने र जमेको पानी फेला परेमा तत्काल हटाई त्यस्ता स्थान नष्ट गर्नुपर्छ।







ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला र २४ घण्टाभित्रका नवजात शिशुको शीघ्र उद्धार तथा उपचारका लागि भोजपुर जिल्लाभरका सबै स्थानीय तहबाट हवाई उद्धार सेवा माग गर्न सकिने व्यवस्था रहेको छ।

समयमानै जोखिम अवस्था पहिचान गरी आवश्यक समन्वय र पहल गरि आमा र नवजात शिशुको अकालमा ज्यान जानबाट रोकौं।



सम्पर्क नं.: ०२९-४२०१८९ ईमेल: dhobhojpur10@gmail.com वेबसाईट: ho.bhojpur.koshi.gov.np